# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४


प.सं. ०८१/०८२

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने प्रावधान भए बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा स्वयम उपस्थित भई अनुसुची २ बमोजिमको ढांचामा निवेदन दिई **मिति २०८१ भाद्र १५ गते भित्रमा** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सुचित गरिन्छ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आवश्यक कागजातहरुः**

- २ प्रति फोटो, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सामाजिक सुरक्षा परिचयपत्रको सक्कल प्रति,
- राष्ट्रिय परिचयपत्र नं. प्राप्त भएमा परिचयपत्र नं. वा परिचयपत्र नं. प्राप्त नभएकाको हकमा राष्ट्रिय परिचयपत्र आवेदन नं. (बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त असाहय वा नब्वे वर्ष माथिका ज्येष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नं. अनिवार्य नभएको),
- ६० वर्ष भन्दा वढी उमेरका ज्येष्ठ नागरिक एकल महिलाको हकमा
  - पतिको मृत्यु भएको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि
  - विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र
  - सम्बन्ध विच्छेद गरेको महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणित सिफारिस
- ६० वर्ष भन्दा कम उमेरका बिधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्र तथा अर्को विवाह नगरेको प्रमाणित सिफारिस,
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि तथा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- बालबालिका पोषण भत्ताको हकमा जन्मदर्ताको प्रतिलिपि, संरक्षक बाबु वा आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

पुनश्चः *उल्लेखित समय भित्र नवीकरण नभएका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता निकासा हुन नसक्ने ब्यहोरा अनुरोध छ ।*

मितिः २०८१/०४/०२
ने.सं.- ११४४ दिल्लाथ्व ११, बुधबार

(लोकेन्द्र बहादुर विष्ट)
अधिकृतस्तर आठौं
लोकेन्द्र बहादुर विष्ट
अधिकृत आठौं